नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
नेपालगंज भन्सार कार्यालय,नेपालगंज,बाँके

## गोप्य सिलवन्दी बोलपत्रको माध्यमवाट
## मालवस्तुहरु लिलाम बिक्री गर्ने सम्वन्धी १५ दिने सुचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०१/१०

अवैध भन्सार छली चोरी निकासी/पैठारी अभियोगमा विभिन्न निकायबाट यस कार्यालयमा दाखिला भएका ( विभिन्न मिति र मुद्दा ) तपसिल बमोजिमको संलग्न सुचि अनुसारको मालवस्तुहरु जे जस्तो अवस्थामा छन सोही अवस्थामा भन्सार ऐन, २०८२ तथा भन्सार नियमावली, २०६४ बमोजिम तपसिल बमोजिमको शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्न भन्सार नियमावली, २०६४ को नियम ३५(२) बमोजिम यो सुचना प्रकाशित गरिएको छ ।

तपसिल

| बोलपत्र नं. ७/०८२।०८३ एकमुष्ठ मुल्य रु.२१,००,०००.०० | | | |
|---|---|---|---|
| सि.नं. | मुद्दा नं./मिति | मालवस्तुको विवरण | प्रतिबेदन मूल्य रु. |
| १ | ७९८ २०८२।१२।२८ | चागा मसरुम ६०० केजी | २१०००००.०० |
| | | जम्मा | २१०००००.०० |

**शर्तहरु:**

१. बोलपत्र फारम सुचना प्रकाशित मितिले १५ (पन्ध्र) औ दिन (मिति २०८३/०१/२४ गते) कार्यालय समय (५:०० बेज) भित्र बोलपत्र दस्तुर एभरेष्ट बैंक शाखा नेपालगंज,बाँकि,आईसिपी काउन्टरमा (यस कार्यालयको कोड नं. ३०५०३५७०१ तथा अन्य प्रशासनिक सेवा शुल्क वापत राजश्व शिर्षक १४२२९) मा प्रति बोलपत्र फारम दस्तुर रु.१,०००/- बुझाई (फिर्ता नहुने गरी) संलग्न भौचर पेश गरी यस कार्यालयको मुद्दा शाखाबाट बोलपत्र खरिद गर्न सकिनेछ ।

२. बोलपत्र दाताले आफुले कबोल गरेको रकमको दश प्रतिशतले हुने रकम यस कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक शाखा नेपालगंज, बाँकि (को.ले.नि.का. बाँकिको खाता नं.४१३०१००१०२०३०००० तथा कार्यालयको कोड नं.३०५०३५७०१) मा जम्मा गरी सोको सक्कल भौचर बोलपत्र फारमसाथ संलग्न गरी पेश गर्नपर्ने छ ।

३. बोलपत्र दाताले बोलपत्र फारम खरिद गर्दाकै अवस्थामा जडीबुटीको कारोबार गर्ने फर्मको दर्ता प्रमाणपत्रको प्रतिलिपि, आयकर/मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व.२०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी तथा बोलपत्र फारम दस्तुर रु.१,०००/- (फिर्ता नहुने गरी) को भौचर सहितको निवेदन अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

४. सुचना प्रकाशन भएको मितिले १६ औ दिन (मिति २०८३/०१/२४) को १२:०० बजे सम्म दर्ता हुन आएको बोलपत्र सोही दिन दिनको २:०० बजे यस कार्यालयका कर्मचारी लगायतका प्रतिनिधि र बोलपत्रदाताहरु वा निजको आधिकारिक प्रतिनिधिको रोहबरमा खोलिने छ । बोलपत्रदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन । उक्त दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन सोही समयमा बोलपत्र खोलिनेछ ।

प्रमुख भन्सार अधि

५. वोलपत्र फारम पेश गर्दा सो बोलपत्र खामभित्र राखी खाममा सिलछाप समेत लगाई खामबाहिर बोलपत्र सुचना नं. र वोलपत्रदाताको नाम, ठेगाना फर्मको आधिकारिक सहि छाप लगाई पेश गर्नुपर्नेछ । यस कार्यालयबाट विक्री गरिएको सक्कल बोलपत्र फारम जसको नाममा खरिद गरेको छ सोही नामबाट बोलपत्र फारम भरी पेश गर्नुपर्नेछ ।

६. बोलपत्रमा बोलपत्रदाताले आफुले कवोल गरेको रकम अङ्क र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । सच्याइएको वा केरमेट गरेको ठाँउमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ । साथै अङ्क र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । कुनैपनि शर्त राखि पेश भएको बोलपत्र मान्य हुने छैन ।

७. बोलपत्र स्वीकृत भएको जानकारी भन्सार विभागको वेभसाइट https://www.customs.gov.np, यस कार्यालयको वेभसाइट https://www.customs.gov.np/nepalgunj र सुचना पाटीमा सुचना प्रकाशित गरी जानकारी गराइनेछ । बोलपत्र स्वीकृत भएको फर्मले बुझाउनुपर्ने रकम र प्रचलित कानुन बमोजिम लाग्ने कर तथा महसुल बुझाई स्वीकृत मितिवाट ७ दिन भित्र मालवस्तु उठाई लैजानु पर्नेछ । सात दिन भित्र नउठाएमा धरौटी रकम जफत गरी क्रमशः दोस्रो, तेस्रो, चौथो कवोल कर्ताको कबोल अंक स्वीकृत गरिनेछ । यसरी कवोल गरी म्याद भित्र मालवस्तु नउठाउने बोलपत्रदाताको धरौटी रकम जफत गरी पुनःलिलामको कारवाही अगाडी बढाइनेछ ।

८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. इच्छुक व्यक्तिले मालवस्तु हेर्न र बुझ्न चाहेमा कार्यालय समय भित्र आएर हेर्न र बुझ्न सक्ने छ ।

१०. बोलपत्रको प्रकाशित सुचना कार्यालयले कुनै पनि बेला सुचना प्रकाशित गरी संशोधन, स्थगन वा रद्द गर्न सक्नेछ ।

११.यसमा उल्लेख भएदेखी बाहेक अन्य काम कारवाहीहरु प्रचलित नेपाल ऐन,कानुन बमोजिम हुनेछ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
नेपालगंज भन्सार कार्यालय
नेपालगंज बाँके

प्रमुख भन्सार अधिकृत